
# लेखापरीक्षण प्रतिवेदन

## छत्रकोट गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# छत्रकोट गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/689

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
छत्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ९० लाख ७ हजार , पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. १० लाख , गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३० लाख ६० हजार समेत गरी रु. १४ करोड ३४ लाख ८२ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्ब २७ करोड ५२ लाख ५६ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ९८ लाख ६४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ९७ लाख ९३ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. १ करोड ७१ हजारमध्ये प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४६ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. ५४ लाख ५ हजार रहेको छ। गत वर्षसम्म रु. ४ करोड ८६ लाख ६८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड २ लाख ७६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी छत्रकोट गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३५ | १० | १,९८,६४,६६४ | ० | ४ | ९७,९३,६४५ | ० | ३५ | ६ | १,००,७१,०१९ | ० | ५४,०४,९४४ | ४६,६६,०७६ | ० | ० | १,००,७१,०२० | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ४,८६,६८,००० | ० | ८६,३३,१२१ | ४,००,३४,८७९ | १,७०,६०० | १,००,७१,०१९ | ५,०२,७६,४९८ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १८ | छात्रवृति अनुदानमा बढी निकासा | ३,६०० |
| २ | २०८०/८१ | ३६ | गुणस्तर परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने | ५३,९०,०४५ |
| ३ | २०८०/८१ | २९.२ | गाउँपालिका प्रशासकीय भवन | ४४,००,००० |
| ४ | २०७९/८० | ३०.२ | लागत अनुमान बढी | ३२,२१,५६७ |
| ५ | २०७९/८० | २१ | फजुल खर्च | १,०६,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०७९/८० | १३.२ र १४.२ | भरपाइ बिना भुक्तानी | १०,२९,४९२ |
| ७ | २०७७/७८ | ३२.२ | लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम | २,४३,४०० |
| ८ | २०७९/८० | १२ | पेश्की व्यवस्थापन | ४०,३२,६६२ |
| **जम्मा** | | | | १,८४,२६,७६६ |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण वक्यौता नरहेको। | |

# (८०५५२५०५३०० - छत्रकोट गाउँपालिका, गुल्मी )

## परिचय

१ **परिचय-**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस छत्रकोट गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा , ८७.१ वर्ग किलोमिटर क्षेत्रफल तथा १९,३५७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१८ देखि २०८१।५।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. १ अर्व २७ करोड ५२ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४७४२७३.२४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | विद्यालय शिक्षक तलव निकासा | १६०५८२.२४ |
| २ | विद्यालय पाठ्यपुस्तकमा बढी निकासा | ७९२८२ |
| ३ | विद्यालय दिवा खाजामा बढी निकासा | २७०३० |
| ४ | कट्टी रकम दाखिला | २०७३७९ |
| | जम्मा | ४७४२७४.२४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| क्र.स./आर्थिकसङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| ११००० | कर | ७,५०,५९,४०६.८८ | ७,४०,३९,०५१.७३ |
| १३००० | अनुदान | ३७,६५,८१,५४३.७३ | ४१,४१,८६,४०७.५२ |
| १४००० | अन्य राजस्व | ७७,३०,९५८.१९ | ५५,७८,५०९.६७ |
| १५००० | विविध प्राप्ति | ३७,०८०.०० | ० |
| क | **कुल जम्मा प्राप्ति** | ४५,९४,०८,९८८.८० | ४९,३८,०३,९६८.९२ |
| ३ | चालु | ३१,०५,१२,५३१.२७ | ३३,०६,४५,०३७.५९ |
| २१००० | पारिश्रमिक / सुविधा | १९,८८,२७,६४१.७५ | १९,८७,६७,६६८.६४ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ७,८६,८०,६३७.३२ | ८,६९,३३,८४५.०२ |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | ७,००,०००.०० | ० |
| २५००० | सहायता (Subsidy) | १,५२,९०,३५३.२० | २,०३,४५,९४८.९३ |
| २६००० | अनुदान | ७१,३९,५१०.०० | ९१,६१,५८२.०० |
| २७००० | सामाजिक सुरक्षा | ७४,५२,३८०.०० | १,२३,३१,६९८.०० |
| २८००० | अन्य खर्च | २४,२२,००९.०० | ३१,०४,२९५.०० |
| ४ | पूंजीगत | १८,४७,२२,७९९.०० | १८,९४,४२,६३७.०० |
| ३१११० | भवन तथा संरचना | ४,२६,९४,२९२.०० | ३,३१,७८,०३९.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ७५,८९,२८२.०० | १,४३,३७,३८३.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २२,७४,९१६.०० | ६५,५१,२७७.०० |
| ३११४० | सुरक्षा उपकरण | ० | ६,००,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | १२,९६,७१,४०९.०० | १३,४२,५७,५७३.०० |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | १९,९२,९००.०० | ४,२१,७२५.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ९६,६४०.०० |
| ३१३१० | बहुमूल्य सामानहरु | ५,००,०००.०० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४९,५२,३५,३३०.२७ | ५२,००,८७,६७४.५९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (३,५८,२६,३४१.४७) | (२,६२,८३,७०५.६७) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | (२,२५,०२९.००) | (३३,१२,५५५.००) |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (३,६०,५१,३७०.४७) | (२,९५,९६,२६०.६७) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ५,२७,९२,९७४.७६ | ८,२३,८९,२३५.४३ |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | १,६७,४१,६०४.२९ | ५,२७,९२,९७४.७६ |

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३,९०,०७,४००।–, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. १०,००,०००।–, गरिबसंग विश्वेश्वर कार्यक्रमको रु ४,१५,०००।– र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ३०,६०,०००।- समेत जम्मा रु १४,३४,८२,४००।– एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन।तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु.५५ करोड ४० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकिकृत,समानुपातिक र दीगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छः

(रु हजारमा)

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४३३९ | १८१२२ | ३.७८ |
| २ | पूर्वाधार विकास | १४८५२४ | १३१९९३ | २७.५२ |
| ३ | सामाजिक विकास | २८६११७ | २५७५१० | ५३.६८ |
| ४ | वातावरण तथा विकास | १०१५० | १००७१ | २.१० |
| ५ | संस्थागत विकास,सेवा प्रवाह र सुशासन | १०५३७ | ९७६६ | २.०४ |
| **जम्मा** | | ४७९६६७ | ३०८६६२ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.६८ प्रतिशत खर्च र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.०४ प्रतिशत खर्च रहेको छ ।

६ **सेवा प्रवाहको स्थिति-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम,कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार देहायको सेवा प्रवाह गरेको पाइयो।

| विवरण | निवेदन दर्ता |
|---|---|
| जन्मदर्ता | ६२० |
| मृत्युदर्ता | २११ |
| बसाईसराई दर्ता | ९३ |
| विवाह दर्ता | २८५ |
| सम्बन्धविच्छेद दर्ता | ३४ |

७ **योजनाको प्राथमिकीरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ६ वडाको लागि कुल १९५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १९५ | १२ | ३० | १५३ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र मुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

८ **योजना तथा वजेट कार्यान्वयन -**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

· अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

· आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१८ करोड ४७ लाख भएकोमा प्रथम त्रैमासिकमा रु.१४ लाख ८९ हजार , दोश्रो त्रैमासिकमा रु.१ करोड ८६ लाख ६३ हजार, तेस्रो त्रैमासिकमा रु.४ करोड ३२ लाख , चौथो त्रैमासिकमा रु. १२ करोड १३ लाख र असार महिनामा मात्रै रु.८ करोड २९ हजार भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

· सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१८ करोड ४७ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत गाउँसभाको निर्णयबाट रु. २ करोड ७२ लाख ७७ हजार रकमान्तर गरेको छ । उक्त रकम वजेटको तुलनामा ४.९२ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्दछ।

९ **अवकास कोष-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष कल्याणकारी कोषको लागि रु १ लाख बजेट विनियोजन गरेको भए पनि सो कोष संचालन गरेको छैन । कानूनले गरेको व्यवस्था वमोजिम भविष्यमा आइपर्ने आर्थिक दायित्वको समाधानको लागि गाउँपालिकाले सो अवकाष कोष संचालनमा ल्याउनुपर्दछ।

१० **विपद व्यवस्थापन कोष-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) नं मा विपद व्यवस्थापन अन्तर्गत स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना ,पूर्व सूचना ,खोज तथा उद्धार, राहत सामाग्रीको पूर्व भण्डारण,वितरण र समन्वय,विपद जोखिम क्षेत्रको नक्शाङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण जस्ता विषय समेटि कानून तर्जुमा गरी कार्यान्वियन गर्ने काम ,कर्तव्य रहने उल्लेख गरेको छ। गाउँपालिकाले सो सम्बन्धि कार्यविधी तथा जोखिम क्षेत्रको नक्शाङ्कन तथा पहिचान जस्ता कार्य गरेको देखिएन । यस वर्ष पालिकाले विपद व्यवस्थापन कोषतर्फ रु ११ लाख ५१ हजार खर्च गरेको छ।कानूनले उल्लेख गरे वमोजिम विपद् सम्वन्धी प्रति कार्य योजना ,जोखिम वस्तीहरुको पहिचान गरी समयमा नै व्यवस्थापन तर्फ ध्यान दिनुपर्दछ।

११ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ११ लाख ६५ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१२ **कन्टेन्जेन्सी खर्चको अभिलेख नभएको-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थमन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पूजीगत प्रकृतिको वर्कचार्ज, स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गरेको देखिएता पनि सोको आयोजनागत अभिलेख तयार गरी राख्नुपर्नेमा सो राखको छैन। कन्टिन्जेन्सीको रकम सम्बन्धित योजनासंग मिल्ने गरी खर्च गर्नुपर्दछ।

१३ **तलवी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको रु. २,३७,७३,७९७.०६ र पालिकाका कर्मचारीहरुको रु.१,४८,२५,२९१.०६ गरी रु. ३,८५,९९,०८७.१२ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१४ **जिन्सी व्यवस्थापन-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनु पर्ने व्यवस्था छ। गाउँपालिकाको विवरण वमोजिम विद्यमान अवस्थामा भएका मालसामानको लगत कार्यालयले तयार गरेको तथा कार्यालयमा प्राप्त भएको तथा खरिद भएका खर्च भएर नजाने मालसामानको जिन्सी सहायक खातामा वुझाउने गरेको छैन। कार्यालयको पाम्स प्रणालीमा अभिलेख भएका सामान के सामान कुन कर्मचारीले बुझेको हो सो को अभिलेख स्पष्ट हुने गरी प्रमाणित सहायक खाता राख्नुपर्दछ।

१५ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
· निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

·पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

१६ **सफ्टवेयर खरिद-**

३६।०८०-९-१८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा आवश्यकता पहिचान तथा खर्चको लागि आवश्यक प्रमाण पुग्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले कोडरेन वेव डेभलपमेन्ट सेन्टर काठमाडौबाट Letter Management and वार्ड सिफारिस म्यानेजमेन्ट सफ्टवेयर, Disable card Printing Software Design & Development तथा न्यायिक समितिको लागि सफ्ट्वेयर खरिद भनि रु ४,९७,२००।– बराबरको सफ्ट्वेयर खरिद गरेको छ। सो सफ्टवेयर खरिदको लागि पालिकाले के कति कारणले सो सफ्टवेयर आवश्यक पर्ने हो सो को पहिचान नगरी खरिद गरेकोमा सो को उपयोगिता निर्धारण गर्नुपर्दछ।

१७ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१८ **छात्रवृति अनुदानमा बढी निकासा**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-११** को निर्णयले रू **३,६००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१९ **अनुदानको उपयोग**

पालिकाले यस वर्ष विद्यालयहरुलाई निम्नानुसारको शीर्षकमा अनुदान उपलब्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन् ।

| गो.भौ.नं./मिति | कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|---|
| ३८१-०३।१४ | विज्ञान प्रयोगशाला | जनज्योति मा.वि. | ६४९७८३ |
| ३७९-०३।१४ | आइ सी टी ल्याब | चण्डिदेवी आधारभुत विद्यालय | ६५०००० |
| ४४१-२०८१।०३।२४ | विद्यालयको शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन रकम | आत्मबोध मा.वि. | २९९०००० |
| | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | कल्पवृक्ष महिला सामुदायिक सिकाई केन्द्र | १३०००० |
| | | ज्ञानोदय सामुदायिक सिकाई केन्द्र | १३०००० |
| | | पल्लिकोट सामुदायिक अध्धयन केन्द्र | १३०००० |
| | | श्रृङ्गा सामुदायिक अध्धयन केन्द्र | १३०००० |
| जम्मा | | | ४८०९७८३ |

कार्यक्रम कार्यान्वियन पुस्तिकामा अनुदान दिदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता, इन्टरनेटको पहुँच, विधुतको नियमित आपूर्ति, पुस्तकालय व्यवस्थापनका लागि कक्षाकोठा लगायतका विषयरुका आधारमा प्राथमिकता तय गरी विधालयहरुको छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमको प्रभावकारिताको मूल्यांकन नगरि विधालयलाई शिक्षण सिकाइमा आइ. सि.टी को प्रयोग, पुस्तकालय, तथा विज्ञान प्रयोगशालाका लागि अनुदान उपलब्ध गराएको छ । अतः पालिकावाट अनुदान उपलब्ध गराउदा तोकिएका पूर्वाधार तथा मापदण्ड बमोजिम प्राथमिकता तय गरी विधालय छनौट गरि कार्यक्रमको प्रभावकारिता मूल्यांकन गरेर मात्र अनुदान उपलब्ध गराउनुपर्दछ ।

२० **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख) बिद्यालयहरुको लेखापरीक्षण : कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ४४ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण नगराएको बिबरण प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

२१ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. १३,८०,८८,५४८ खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । पालिकाले लक्षित समूह अनुसार गत आ.व. र यस आ.व. मा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको तुलनात्मक विवरण यस प्रकार रहेको देखिन्छ ।

| लक्षित समूह | आ.व.२०७९।८० को ४ त्रैमासिकको औसत संख्या | आ.व.२०८०।८१ को ४ त्रैमासिकको औसत संख्या | भत्ता दर मासिक रु. |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | 1985 | 2016 | 4000 |
| अन्य ज्येष्ठ नागरिक | 228 | 227 | 2660 |
| ज्येष्ठ नागरिक (एकल महिला) | 326 | 301 | 2660 |
| विधवा | 510 | 516 | 2660 |
| पूर्ण अपाङ्ग क वर्ग | 73 | 75 | 3990 |
| आंशिक अपांग ख वर्ग | 136 | 134 | 2128 |
| बालबालिका | 359 | 312 | 532 |
| जम्मा | 3617 | 3581 | |

**लाभग्राहीको अभिलेखः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ ।

**बैंकसँगको हिसाबमिलानः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै बुँदा नं १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोवार बन्द गर्नुपर्ने र आर्थिक कारोवार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैंकसँगको हिसाब मिलान गरी बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. १३,७७,६१,६५४ निकासा दिएकोमा Reverse feed अनुसार रु १३,७६,४९,५६१ खर्च गरी रु. १,१२,०९३ बैंक फिर्ता गरेको विवरण प्राप्त भएको छ ।

**फरक विवरणः-** पालिकाले CGAS मार्फत उपलब्ध गराएको सामाजिक सुरक्षाको निकासा तथा खर्च रु. १३,७३,७२,९६०.५८ देखिएकोमा VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार जम्मा निकासा रु. १३,७७,६१,६५४.००, लाभग्राहीलाई वितरण गरेको रु. १३,७६,४९,५६१.०० र फिर्ता रु. ११२०९३ देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरणमा CGAS र VRSP-MIS System बीच फरक पर्नुको कारण एकिन गरी पालिकाले दुवै सफ्टवेयरबीचको एकरुपता हने गरी आर्थिक विवरण चित्रण गर्नुपर्दछ ।

२२ **लक्षित कार्यक्रम नगरी वितरणमुखी कार्यक्रम-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले गाउँपालिका चालु तर्फ देहायका लक्षित कार्यक्रम नगरी वितरणमुखी कार्यक्रम गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिँदैन। यस्तो खर्च गर्दा वास्तविकता र आवश्यकतामा आधारित भई खर्च गर्नुपर्दछ।वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| **भौ.न।मिति** | **विवरण** | **भएको कार्यक्रम** | **रकम** |
|---|---|---|---|
| ९५४।२०८१-३-१३ | विपन्न लक्षित कार्यक्रम | वडा न ३ का ३० जनालाई ३०० लिटरको हिल टंकी वितरण | १००००० |
| १००६।२०८१-३-१७ | दलित लक्षित कार्यक्रम | वडा नं २ का २७ जनालाई ५०० लिटरको टंकी वितरण | ३९९००० |
| जम्मा | | | ४९९००० |

२३ **पदाधिकारी सुविधा-**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सुविधा तथा भत्ता पाउने व्यवस्था छ । तर पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु ६७,८२,४७४।- खर्च गरेको छ। । जुन पालिकाको यो वर्षको आन्तरिक आयको तुलनामा ७८.३२ प्रतिशत रहेको छ।उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको छ।पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको सीमाभित्र राख्नुपर्दछ ।

२४ **हेभी इक्विपमेन्टको आम्दानी -**

गाउँपालिकाको विवरण वमोजिम पालिकासँग १ डोजर र ३ एम्बुलेन्स रहेका छन् । डोजर तथा एम्बुलेन्सले यो वर्ष रु २४,७६,८५३।– आम्दानी गरेको छ। सो गाडीको मर्मत तथा इन्धनमा रु ३१,४८,३१८।– खर्च भएको छ। पालिकासँग भएका उक्त गाडीहरुको संचालन कार्यविधि तर्जुमा तथा स्वीकृत गरी लगबुकको आधारमा संचालन गरी खर्च भन्दा आम्दानी बढी हुने गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

२५ **औषधि खरिद तथा व्यवस्थापन**

औषधि खरिदका लागि बोलपत्र मार्फत अविन मेडिसिन सप्लायर्ससंग रु. ११०७४०० को गरेको पाईयो । यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्

• मौज्दातमा नदेखिएको औषधिको स्टक समेत स्टोर (store) निरिक्षणका क्रममा देखिएको, खरिद गरिएको औषधिको स्टोर्स दाखिला र स्वास्थ्य संस्थामा वितरण भएको औषधिको हस्तान्तरण फाराम समयमै नभएको पाईयो

• औषधि भण्डारण गर्दा सामानको व्याच र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउँ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने

• निशुल्क वितरणको लोगो समेत नभएको देखिएको छ ।

पालिकाबाट औषधिको खर्च घटाउँदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्च गरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६ **अनुदान तथा वितरणमुखी कार्यक्रम**

पालिकाले आ.व २०८०।८१ मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिम पकेट विकास तथा अन्य अनुदान लगायतका वितरणमुखी कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ः-

| गो.भो.नं./मिति | **कार्यक्रमहरुको नाम** | अनुदान पाउने | **खर्च रु.** |
|---|---|---|---|
| १९-२०८०।०८।१२ | खाद्यान्न वालीमा उन्नत वीउ उपयोगमा अनुदान | | ५३०७८ |
| ९८-२०८०।०९।१७ | खाद्यान्न वालीमा उन्नत वीउ उपयोगमा अनुदान | | ११३४०० |
| ११४-२०८०।०९।१९ | खाद्यान्न वालीमा उन्नत वीउ उपयोगमा अनुदान | | ६२००० |
| ३५५-२०८१।०३।१३ | खाद्यान्न वालीमा उन्नत वीउ उपयोगमा अनुदान | ४७७ कृषक तथा समुहहरू | २३५००० |
| ४०२-२०८१।०३.१८ | २०७९।८० मा स्थापना भएका वाख्रापकेट विकास कार्याक्रम | ४२ जना कृषक घरधुरी | ६७९००० |
| ४३७-२०८१।०३।२३ | उन्नत वीउ वितरकलाई प्रोत्साहन अनुदान | | १००००० |
| जम्मा | | | १२४२४७८ |

अनुदानको उपयोग : सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । पालिकाले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्वेश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा पालिकाले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ३२ योजना सञ्चालन गरी यस वर्ष ८३ जनालाई औसत ९६ दिनले ८००८ दिन रोजगारी उपलव्ध गराई रु ५३,४९,३४४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२८ **नमुना विद्यालय-**

२८.१ केन्द्रबाट छनौट भएका नमुना विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान अन्तर्गत रु १,००,००,००० बजेट व्यवस्था भएकोमा निम्न व्यहोरा देखिएको छः-

२८.२ **गुरुयोजना (Master Plan) भित्र नभएको कार्य** – ११५।०८१-३-२१ शिक्षा तथा मानव श्रोत विकास केन्द्र ,कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ मा केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान कार्यक्रम अन्तर्गत विद्यालयको गुरुयोजना (Master Plan) बमोजिम स्वीकृत भवन निर्माण गर्दा लागत अनुमान सहित अनुदान

माग गरी स्वीकृत भए बमोजिम गर्नुपर्ने,विद्यालयसंग सम्झौता पश्चात अनुदान रकमको ५० प्रतिशत निकासा दिने,Structural Part को कार्यसम्पन्न भए पश्चात दोश्रो किस्ता ३० प्रतिशत निकासा दिने र कार्यसम्पन्न भए पश्चात २० प्रतिशत निकासा दिने व्यवस्था छ। गाउँपालिकाले नमुना विद्यालयको रुपमा छनौट भएको आत्मवोध मा.वि. ,खर्ज्याङ्को भवन निर्माण कार्य निर्देशिका बमोजिम विद्यालयलाई निकासा नदिई गाउँपालिका स्वयंले नै ठेक्का व्यवस्थापन गरी कार्य गराएको छ। विद्यालयको गुरुयोजना बमोजिम कक्षाकोठा सहित RCC ढलान गरी तेश्रो तला थप गर्नुपर्नेमा विद्यालय भवनको तेश्रो तलामा हल बनाई Trust को छाना लगाई कार्य सम्पन्न गरेको छ। निर्माण व्यवसायी रिमार्कवेल विल्डर्स प्रा.लि.संग ठेक्का अंक रु ६९४६७८०।-(मू.अ.कर समेत) मिति २०८०-११-१६ मा सम्झौता गरी कार्य गरेको छ। विद्यालयको तेश्रो तलाको कक्षाकोठा सहितको RCC ढलानको लागत र हल सहितको Trust को लागतमा ठूलो भिन्नता रहन्छ। मितव्ययी रुपमा कम लागतमा बढी कार्य गर्ने गरी पालिका तथा विद्यालयले कार्यसम्पन्न गर्नुपर्दछ।कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम विद्यालयको गुरुयोजना भन्दा बाहिर गई गुरुयोजनामा नभएको कार्य गराई रु ६६,५१,०८५।– भुक्तानी गरेको छ। पालिकाले निर्देशिका वमोजिम कार्य गर्नुपर्दछ।

२८.३ **थप कामको स्वीकृति नभएको-** १४५।०८१-३-२३ शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम केन्द्रबाट छनौट भएका नमुना विद्यालयको गुरुयोजना बमोजिम भवन निर्माण कार्यमा ठेक्का व्यवस्थापन भए पश्चात वचत भएको रकम फिर्ता गर्नुपर्ने हुन्छ। पालिकाले विद्यालयको हाताभित्र माटो काट्ने कार्य तथा ढुङ्गा सोलिङ्ग गर्ने कार्यको रु ३०,२८,५४२।– को लागत अनुमान बनाई पालिकाले रु २७,५३,२२०।– व्यहोर्ने गरी सम्झौता गरी विद्यालय व्यवस्थापन समितिबाट कार्य गरेको छ। गाउँपालिकाको मिति २०८०-१२-२७ को निर्णयले वचत रकम सोही विद्यालयमा खर्च गर्ने निर्णय गरेको छ। विद्यालयको गुरुयोजनामा नभएको तथा आवश्यकताको आधारमा नगरी केवल रकम वचत भएको आधारमा मात्र कार्य भएको रु २७,५१,१०४।– सम्बन्धित निकायबाट खर्च समर्थन गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | २७,५१,१०४ |

## २९ **गाउँपालिका प्रशासकीय भवन**

२९.१ गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यको लागि गाउँपालिकाले रु १२,०५,२५,४९८।-(मू.अ.कर समेत) को लागत अनुमान बनाई रु ९,११,०२,९७८।- कार्य सम्पन्न गर्ने गरी अम्बे मा –वलदेव जे.भी.संग मिति २०८०-८-६ मा सम्झौता भएको छ। सो प्रशासनिक भवन निर्माण कार्यमा निम्न व्यहोरा देखिएको छः-

२९.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **४,४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

२९.३ कम पेश्की कट्टा गरेको- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२ (क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको वीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ। निर्माण व्यवसायी संग भएको सम्झौताको GCC ५७.३ मा ठेक्का अंकको ३० प्रतिशत भन्दा बढी भुक्तानी भएको अवस्थामा प्रत्येक रनिङ्ग विलमा ४० प्रतिशतका दरले पेश्की रकम कट्टा गर्ने व्यवस्था छ। भवन निर्माण कार्यको दोश्रो रनिङ्ग विल सम्म रु ३,१५,९५,२७४।– अर्थात ३४ प्रतिशत वित्तीय प्रगति भएको छ। दोश्रो रनिङ्ग विलमा सम्झौता बमोजिम रनिङ्ग विलको ४० प्रतिशतले हुने रु ७६,६०,१७६।– पेश्की कट्टा गर्नुपर्नेमा प्रथम तथा दोश्रो रनिङ्ग विलमा गरी रु ५५,००,०००।– मात्र पेश्की फछ्र्यौट गरेको छ। दोश्रो रनिङ्ग विलबाट रु ७६६०१७६ पेश्की कट्टा गर्नुपर्नेमा पहिलो तथा दोश्रो विलबाट रु ५५००००० पेश्की कट्टा गरेकोले नपुग रु २१,६०,१७६ कम पेश्की कट्टा गरेको कारण निर्माण व्यवसायीलाई लाभ पुग्न गएको रु

| | |
|---|---|
| अनियमित भएको | २१,६०,१७६ |

३० **नेपाल जलवायु नमुना कार्यक्रम-**

नेपाल जलवायु नमुना कार्यक्रम संचालन कार्यविधि २०८०।८१ मा पालिकाले स्वीकृत बजेट तथा अतिरिक्त वित्तीय श्रोतको उपलब्धताको आधारमा स्थानीय जलवायु अनुकूलन कार्ययोजना (लापा) मा पहिचान गरिएका गाउँ वा शहर विशेषका जलवायुजन्य जोखिम एवं अनुकूलन कार्यक्रमहरु समेतको विश्लेषण गर्नुपर्ने, गाउँ वा शहर छनौट गर्ने कार्यमा सम्भव भएसम्म कृषि विज्ञ,वन तथा वातावरण विज्ञ एवं सिभिल इन्जिनियर लगायतको विज्ञ समूह परिचालन गर्नुपर्ने, छनौट कार्यमा वन तथा वातावरण मन्त्रालयको कर्मचारीको संलग्नता गर्नुपर्ने तथा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरुको जोखिम बढी भएको र गरिब,विपन्न लगायत जलवायु संकटापन्न समुदायको बसोबास रहेको जस्ता विषयहरुको पहिचान तथा मूल्यांकन गरी गाउँ छनौट गर्नुपर्ने व्यवस्था छ। कार्यक्रम तीनवटै चौमासिकमा गर्ने गरी स्वीकृत भएको छ।गाउँपालिकाले यस कार्यक्रमबाट लुम्छा काहुले काभ्रे जलवायु नमुना कार्यक्रममा रु ४०,००,०००।- र केहुल खरेवा जलवायु नमुना कार्यक्रम संचालनमा रु ६०,००,०००।- गरी जम्मा रु १,००,००,०००।- खर्च गरेको छ। कार्यविधिमा उल्लेख गरिए बमोजिम गाँउको छनौट गर्दा घर परिवार संख्या,लाभान्वित जनसंख्या ,जलवायु परिवर्तनका प्रतिकूल प्रभावको बढी जोखिम रहेको तथा गरिव विपन्न लगायत जलवायु संकटापन्न समुदाय बसोबास गरेको जस्ता महत्वपूर्ण विषयहरुको विश्लेषण तथा पहिचान गरी गाउँ छनौट गरेको देखिएन। लुम्छा काउले काभ्रे मा आ.व.०७९।८० मा रु दुई करोड भन्दा बढीको सोही कार्यक्रम संचालन भएकोमा यो वर्ष रु ५०,००,०००।-(जनश्रमदान रु १०,००,००० समेत) को कार्यक्रममा निरन्तरता दिइएको छ। यस वर्ष निरन्तरता दिँदा गतवर्षको कामको मूल्यांकन तथा विश्लेषण गरी गाउँ छनौट गरेको आधार देखिएन। छनौट गरिएका गाउँमा खुर्सानी,बेसार,अदुवा लगायतका बिरुवा वितरण ,सिँचाई पाइप वितरण ,कागतिका बिरुवा वितरण ,सो को टनेल जस्ता कार्यमा खर्च भएको छ। गाउँ छनौट गर्दा कार्यविधिमा उल्लेख गरिएका विषयको आधारमा गर्नुपर्ने,गत विगत वर्षको कार्यक्रमको निरन्तरतामा कामको मूल्यांकन गरी आवश्यकता पहिचान गरी मागको आधारमा लगानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ। दुवै क्षेत्रमा पटक-पटक गरी २८ पटक अनुगमन गरेको अवस्थामा सोको अनुगमन प्रतिवेदन संलग्न गरेको छैन।

३१ **मर्मत गर्नुपर्ने-**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११७ मा निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप संचालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परिक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्यस्वीकार गर्न हुँदैन,नियम १२५(१(क) मा कार्य सम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा सार्वजनिक निकायले सो को यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था छ। पिपलनेटा-दिगाम-धरमपानी -मानकोट-गैह्रीखुट्टा –दौघा सडक स्तरोन्नती (कालोपत्रे) कार्यको मिति २०८०-८-५ मा रु १,१७,४९,३७१।– को निर्माण व्यवसायी सिन्धु निर्माण सेवा संग ठेक्का सम्झौता भई कार्य सम्पन्न भैसकेको छ। फिल्ड निरीक्षणको क्रममा सो सडकको हर्दिनेटामा कालोपत्रे सडक क्षति (crack)भएको छ। सो खण्डमा २८.७ मि लम्बाई र करीव ५ से.मी चौडाई सडक क्षति भएको कारण निर्माण व्यवसायीको सडक मर्मत सम्भार गर्ने अवधि (DLP)बाँकी रहेकोले सो मर्मत सम्भार गर्न लगाउनु पर्दछ। सो सडकको कार्यसम्पन्न भै सक्दा समेत अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन दिएको देखिएन ।



`

३२ **संघीय सशर्तबाट हस्तान्तरित कार्यक्रम-**

३२.१

**अधुरो भवन निर्माण-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा सार्वजनिक निकायले खरिद सम्झौता गर्दा निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने,नियम १११ मा कार्य योजना अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र

गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले मनभाक उप-स्वास्थ्य चौकी भवन निर्माण कार्यमा भवनको प्लास्टर ,वाल पार्टेशन,झ्याल, ढोकाको पल्ला ,स्यानेटरी तथा इलेक्ट्रिक आइटमहरुमा नराखी लागत अनुमान बनाई ४१४७१३७.९४ मनभाक उप-स्वास्थ्य चौकी भवन निर्माण उपसमिति संग मिति २०८०।१२।२६ मा सम्झौता गरी कार्य गरेको छ। सो निर्माण कार्यमा यो वर्ष रु ३७६९४२० खर्च भएको छ। संघीय सरकारबाट संचालित सो भवनको निर्माण कार्य सम्पन्न नभएको अवस्थामा आ.व. २०८१।८२ मा बजेट विनियोजन नभएको कारण भवन अधुरो रहेको छ। भवन निर्माणको कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।



३२.२ **गुणस्तर परीक्षण प्रतिवेदन नभएको-** ७४।०८१-३-१३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वियन गर्दा खरिद सम्झौता कार्यान्वयनको प्रगति तथा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले मनभाक उपस्वास्थ्य चौकी भवन निर्माण छत्रकोट-५ मा मनभाक उपस्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति संग भएको सम्झौता वमोजिम निर्माण कार्यको गुणस्तर परीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ।उपभोक्ता समितिले सो कार्यको अन्तिम विल रु ३७,६९,४२०।- को कार्यमा देहायको आइटमको काममा प्रयोग भएको निर्माण सामाग्रीको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेको छैन। खरिद नियमावलीले गरेको व्यवस्था वमोजिम निर्माण सामाग्रीको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर मात्र सो कार्यको भुक्तानी दिनु पर्नेमा प्रतिवेदन नभएको रु

| Item No | Work | Qty | Rate | Amount |
|---|---|---|---|---|
| 6 | RCC work 1:1.5:3 (M20) in super structure…. | 72.20 cum | 15981.19 | 1153841.92 |
| 7 | TMT steel reinforcement | 8798.37kg | 148.72 | 1308493 |
| Total | | | | 2462334 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,६२,३३४ |

३३ **निमार्ण कार्यको लागत अनुमान-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा खरिद सम्झौता वमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय समेत विचार गर्नुपर्ने व्यवस्था गरेको छ। लागत अनुमान तयार गर्दा विनियोजित बजेटको परिधिभित्र रही बनाउनुपर्दछ।गाउँपालिकाले देहाय वमोजिमका योजनामा बजेट भन्दा बढीको लागत अनुमान बनाएको छ। स्वीकृत बजेटको सीमा भित्र रही लागत अनुमान बनाउने र सडक तथा अन्य निर्माणमा क्रमागत योजनाको हकमा यस भन्दा अगाडि भएको कार्यको सडकको हकमा चेनेज-खुलाउनु पर्ने र अन्यको हकमा काम भएको र बाँकी कार्य हुने पहिचान सहित स्पष्ट ठाउँ उल्लेख गरी लागत अनुमान बनाई निर्माण कार्य गर्नुपर्ने देखिन्छ। गाउँपालिकाले ठेक्का व्यवस्थापन भएका अधिकांश सडकहरुमा चेनेज तथा काम भएको जनिने कुनै पहिचान/ठाउँ विशेष खुलाई कार्य गरेको छैन।

**(रु हजारमा)**

| योजना | बजेट | लागत अनुमान |
|---|---|---|
| लुम्छा-धरमपानी-दिगाम-सातमुरे सडक स्तरोन्नती | १०००० | १४५६५ |
| पिपलनेटा -दिगाम-धरमपानी-मानकोट –गैही खुट्टा –रौघा सडक स्तरोन्नती | १४००० | १६९०७ |
| जीप लाइन निर्माण | ६००० | १३७४५ |

३४ **वचत रकम बाट निर्माण कार्य -**

४१।०८१-३-३१ प्रदेश समपूरक अन्तर्गतको स्वीकृत कार्यक्रम पिपलनेटा-दिगाम-धरमपानी-मानकोट-गैह्री खुट्टा –दौघा सडक स्तरोन्नती कार्यमा मिति २०८०-८-५ मा सिन्धु निर्माण सेवासंग रु १,१७,४९,३७१।–मा कार्य गर्ने गरी सम्झौता गरी कार्य भएको छ। सोही सडकमा पालिकाको र प्रदेशको बराबर हिस्सामा बजेट खर्च हुने र वचत रकम प्रदेश संचित कोष फिर्ता गर्नुपर्ने हुन्छ। पहिलो खरिद सम्झौताको अवधि नसकिदै वचत रकम बाट पुनः सोही सडकमा कार्य गर्ने गरी सिलबन्दी दरभाउपत्रको आधारमा मिति २०८१-१-९ मा विटेन कन्स्ट्रक्सन एण्ड सप्लायर्स संग रु १४,४६,८५१।– मा निर्मण कार्य गर्ने गरी सम्झौता भएको छ। पहिलो ठेक्का तथा दोश्रो ठेक्काको लागत अनुमानमा कहाँ देखि कहाँसम्म कार्य गर्ने हो सो को स्पष्ट क्षेत्र निर्धारण गरेको देखिएन। रकम वचत रहेको आधारमा पहिलो ठेक्का नसकिदै सोही बाटोमा Stone Mationary work तथा नाली निर्माणको कार्य गराई रु १४,३६,२०७।– प्रदेश श्रोतको मात्र खर्च गरेको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,३६,२०७ |

### ३५ योजनाको अनुगमन-

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख मा उपाध्यक्ष वा उप-प्रमुखको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने गरी व्यवस्था गरिएको छ। गाउँपालिकाबाट संचालित अधिकांश योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन तयार गरेको छैन। योजना अनुगमनको रजिष्टरमा माइन्यूट उठाउने गरेको देखिन्छ। स्थलगत रुपमा योजना तथा कार्यक्रमको अनुगमन गरी सो को कार्यसम्पादनको अवस्था झल्किने गरी कामको यथार्थ मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्दछ।

### ३६ गुणस्तर परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने-

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,७१४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,६७६,०४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### ३७ पेश्की कम कट्टा गरेको-

१७०।०८१-३-२४ लुम्छा-धरमपानी-दिगाम-सातमुरे सडक स्तरोन्नती (कालोपत्रे) कार्य मिति २०८०-९-१७ गते रु ९९,१२,०९९।– मा कार्य सम्पन्न गर्ने गरी अग्रगामी निर्माण सेवा संग सम्झौता भएको छ। मिति २०८१-३-१५ सम्म ठेक्का अवधि रहेको सो ठेक्कामा दोश्रो रनिङ विलसम्म ४१ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ। खरिद सम्झौताको म्याद २०८१-६-१५ सम्म थप भएको अवस्थामा सो अवधि सम्म पनि कार्य सम्पन्न हुने अवस्था देखिँदैन। निर्माण व्यवसायी संग भएको सम्झौता बमोजिम दोश्रो रनिङ विलको रु १९,७९,३८७।– भुक्तानीमा विल रकमको ४० प्रतिशतले हुने रु ७,००,६६४।– पेश्की कट्टा गर्नुपर्नमा रु २,०७,०००।– मात्र पेश्की कट्टा गरेकोले कम पेश्की रु ४,९३,६६४।– कट्टा गरेको कारण निर्माण व्यवसायीलाई लाभ पुग्ने गरी कार्य गरेको रु

| | |
|---|---|
| अनियमित भएको | ४,९३,६६४ |

### ३८ म्याद थप-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौताको अवधि थप गर्दा काबुवाहिरको परिस्थिति,सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा कारण सहित म्याद थप गर्न सकिने व्यवस्था छ। म्याद थप गरेका अधिकांश कार्यको म्याद थप गाउँपालिकाबाट भएको छ। कार्यपालिकाले म्याद थप गर्दा ऐनले गरेको व्यवस्था बमोजिम के कारण ,कसको कारणले काममा ढिलाई भएको लगायतको विश्लेषण नगरी म्याद थप गरेको छ। तोकिएको समयमा विविध कारणले कार्यसम्पन्न गर्न नसकिएको जस्ता कारण उल्लेख गरेको छ। म्याद थप गर्दा ऐनले उल्लेख गरेका विषयमा प्रस्ट उल्लेख गरी म्याद थप गर्नुपर्दछ।

३९ **प्रदेश कोषको खर्च रकम-**

प्रदेश समपूरकमा स्वीकृत भएको बजेट तथा कार्यक्रममा पालिका तथा प्रदेशको रकम बराबर हिस्सामा खर्च गर्नुपर्दछ। पालिकाले जीप लाईन निर्माण योजनामा मिति २०८०-१२-२७ मा रु ८६,७३,१४४।- मा निर्माण कार्य सम्पन्न गर्ने गरी सानो सेती देखी कन्स्ट्रक्सन संग सम्झौता भएको छ। प्रदेशको समपूरक कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम वचत रकम प्रदेश संचित कोष फिर्ता गर्नुपर्दछ। सो जीपलाईन निर्माण कार्यमा यो वर्ष रु १५,३५,०७०।पेश्की उपलब्ध गराएकोमा प्रदेश समपूरक श्रोतको रकम बाट मात्र पेश्की उपलब्ध गराएको छ। कूल पेश्की रकमको ५० प्रतिशत पालिका श्रोतबाट नव्यहोरी प्रदेश समपूरक तर्फ बाट मात्र खर्च भएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६७,५३५ |

४० **म्याद ननाघेको पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न कार्यक्रमको लागि रु. ८२५०५३५।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्र्यौट गर्नुपर्दछ ।

| भौ.न /मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति,फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|---|
| २६।२०८०-८-१७ | छत्रकोट गाउँपालिका प्रशासनिक भवन निर्माण योजना | अम्बे मा-बलदेव जे.भी. | ३०,२०,००० |
| ७४।२०८०-११-१३ | छत्रकोट गाउँपालिका प्रशासनिक भवन निर्माण योजना | अम्बे मा-बलदेव जे.भी. | ५,१६,००० |
| १६।२०८०-१०-८ | लुम्छा-धरमपानी-दिगाम-सातमुरे सडक स्तरोन्नति योजना | अग्रगामी निर्माण प्रा.लि | ६,५३,००० |
| २४।२०८०-१०-१८ | लुम्छा-धरमपानी-दिगाम-सातमुरे सडक स्तरोन्नति योजना | अग्रगामी निर्माण प्रा.लि | ५,१६,००० |
| १७।२०८१-१-२४ | छत्रकोट गाउँपालिका जिपलाईन निर्माण योजना | सानु सेती देवी कन्स्ट्रक्सन | ७,६७,५३५ |
| ४५।२०८१-१-२५ | खर्ज्याङ्ग स्वास्थ्य चौकी निर्माण | चारुमती-सितारा जे.भि. | १३,८९,००० |
| ५६।२०८१-२-२८ | खर्ज्याङ्ग स्वास्थ्य चौकी निर्माण | चारुमती-सितारा जे.भि. | १३,८९,००० |
| जम्मा | | | ८२५०५३५ |

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रकमान्तर- लुम्बिनी प्रदेश,प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा १७ मा आफ्नो निकाय अन्तर्गतको कुनै बजेट उप-शिर्षकमा रकम नपुग भएमा सो अनुदान संकेत अन्तर्गत वचत भएको अन्य बजेट उप-शिर्षकहरुबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेटबाट चालुतर्फ र पूजीगत बजेटबाट पूजीगत तर्फका खर्च शिर्षकमा रकामान्तर गर्न सकिने व्यवस्था छ। तर यसरी रकमान्तर गर्दा तलब,भत्ता,पोशाक,खाद्यान्न,पानी तथा विजुली ,संचार महशुल र घरभाडा जस्ता अनिवार्य दायित्वबाट रकमान्तर गर्न पाइने छैन भन्ने व्यवस्था छ।गाउँपालिकाले यो वर्ष गाउँपालिकाको पूजीगत तथा चालु तर्फका बजेट वचत भएका शिर्षकको रकम रु १,९३,३२,९६५। रकमान्तर गरी गाउँपालिकाको प्रशासनिक भवनमा खर्च गरेको छ। रकमान्तर गरिएको रकम मध्ये ऐनले उल्लेख गरे बमोजिम तलब ,पारिश्रमिक,भत्ता,पोशाक लगायत अनिवार्य दायित्व भित्र विनियोजित रकम रु ४४,००,०००।रकमान्तर गरी खर्च गरेको छ।</td><td>०</td></tr>
<tr><td>२</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ।ठेक्का सम्झौताको BOQ मा निर्माण कार्यको Lab Report पेश गर्नुपर्ने गरि PS Item मा संलग्न गरिएको छ। गाउँपालिकाको देहाय बमोजिमको निर्माण कार्यमा रु ५३,९०,०४५।– बराबरको गुणस्तर परीक्षण प्रतिवेदन पेश नगरेकोले सो को प्रतिवेदन पेश गर्नुपर्दछ ।
<table>
<tr><th>योजना</th><th>काम</th><th>परिमाण</th><th>कामको मूल्यांकन</th><th>कैफियत</th></tr>
<tr><td>विरबास-कोलघारी-बर्जिया-झेर्दी-सिस्ने-चन्द्रकोट मोटर बाटो कोलोपत्रे</td><td>ग्याविन बक्स</td><td>४२८ घ.मि.</td><td>१७१४०००</td><td>प्रथम रनिङ विल</td></tr>
<tr><td rowspan="2">पिपलनेटा -दिगाम-धरमपानी-मानकोट-गैह्रीखुट्टा-दौघा सडक स्तरोन्नती कालोपत्रे</td><td>ग्याविन बक्स</td><td>१६३ घ.मि.</td><td>६५४०००</td><td>प्रथम तथा दोश्रो रनिङ विल</td></tr>
<tr><td>Stone Mationary work</td><td>१५७.९७ घ.मि.</td><td>१०२६७७८</td><td>प्रथम रनिङ विल</td></tr>
<tr><td>पिपलनेटा -दिगाम-धरमपानी-मानकोट-गैह्रीखुट्टा-दौघा सडक स्तरोन्नती कालोपत्रे (दरभाउपत्र)</td><td>Stone Mationary work</td><td>११६.६८ घ.मि.</td><td>१९९५२६७</td><td>प्रथम तथा अन्तिम विल</td></tr>
<tr><td></td><td></td><td></td><td>५३,९०,०४५</td><td></td></tr>
</table>
अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन दिएको छैन।</td><td>०</td></tr>
<tr><td>३</td><td></td><td>०</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : छत्रकोट गाउँपालिका, गुल्मी , छत्रकोट गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विर बहादुर पुन | २०७९-५-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सन्तोष जि.सी | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,६०० | ९,८०४,९४४ | १०,०५६,१२१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १९,८६४,६६५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ९,७९३,६४५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १०,०७१,०२० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३९७४५९२५.१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५२५२७१४५.७३ | **चालु खर्च** | ३१०५१२५३१.२७ |
| **प्रदेश सरकारबाट अनुदान** | २४०५४३९८ | **पूँजीगत खर्च** | १८४७२२७९९ |
| **राजश्व बाँडफाँट** | ७४१६७०८७.१६ | **वित्तीय/अन्य व्यवस्था** | १५३८९४८०९.७१ |
| **आन्तरिक आय** | ८६६०३५७.९१ | | |
| **अन्य आय** | १६६७१६८३०.३७ | | |
| **कुल आय** | ६२६१२५८१९.१७ | **कुल खर्च** | ६४९१३०१३९.९८ |
| **बाँकी मौज्दात** | | १६७४१६०४.२९ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।